# संघीय संसद
# राष्ट्रिय सभा
# बाह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १७ भदौ २०७९
# शुक्रवार
# बैठक सङ्ख्या- ५३

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १९:०३ बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाका विषयगत समितिमा रहनुहुने देहायबमोजिमका माननीय सदस्यहरूको समिति हेरफेर गरेको छु ।

(क) माननीय अनिता देवकोटालाई राष्ट्रिय सरोकार तथा समन्वय समितिबाट विधायन व्यवस्थापन समितिमा ।

(ख) माननीय प्रकाश पन्तलाई विधायन व्यवस्थापन समितिबाट दिगो विकास तथा सुशासन व्यवस्थापन समितिमा ।

माननीय सदस्यहरू, समिति हेरफेरसम्बन्धी नामहरूलाई सहमति जनाइदिनुहुन अनुरोध गर्दछु ।

प्रस्तावित नामहरूलाई सभाले सहमति जनाएको घोषणा गर्छु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५० बमोजिम राष्ट्रिय सभाका विषयगत समितिका सभापतिहरूको निर्वाचनका लागि मिति २०७९ भदौ २३ गते बिहीवार अपराह्न १:०० बजेको समय तोकेको छु । समिति सभापतिको निर्वाचनसम्बन्धी कार्यक्रमको सूचना प्रकाशन गर्न राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई निर्देशन गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल भदौ २१ गते मङ्गलवार अपराह्न १२:५९ बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल भदौ २१ गते मङ्गलवार अपराह्न १२:५९ बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः- १९:०५ बजे ।**